# आर्थिक बर्ष २०८३/०८४ को राजश्व तथा व्ययको अनुमान

अपिहिमाल गाउँपालिका
खण्डेश्वरी, दार्चुला

## अपिहिमाल गाउँ कार्यपालिकाका उपाध्यक्ष श्री देवकी देवी बोहराबाट गाउँ सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३/०८४ को बजेट व्यक्तव्य

**सभाध्यक्ष महोदय,**

१. नेपालको संविधानको धारा २३० ले दिएको अधिकार प्रयोग गर्दै अपिहिमाल गाउँपालिकाको उपाध्यक्षका रूपमा यस गरिमामय गाउँ सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छुँ। यस विशेष घडीमा, देश र जनताको मुक्तिका लागि आफ्नो प्राणको आहुति दिने महान् शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै, राजनीतिक परिवर्तनका आन्दोलनहरूमा घाइते तथा बेपत्ता हुनुभएका नागरिकहरूको योगदानको स्मरण गर्दै उच्च सम्मान प्रकट गर्दछु र देशलाई यहाँसम्म ल्याइपुऱ्याउन नेतृत्वदायी भूमिका खेल्ने सम्पूर्ण अग्रजहरूमा सादर नमन गर्दछु।

२. प्रस्तुत बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र मौलिक हकलाई मूल मार्गदर्शकका रूपमा आत्मसात् गरिएको छ । यसैगरी, गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, सुदूरपश्चिम प्रदेशको आवधिक योजना, सोह्रौँ राष्ट्रिय आवधिक योजना, दिगो विकास लक्ष्य (SDGs) तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई यसको मुख्य आधार स्तम्भ बनाइएको छ।

३. हाम्रो गाउँपालिकाको विशिष्ट सामाजिक-सांस्कृतिक पहिचान, भौगोलिक विविधता, मानव विकासको अवस्था, जलवायु परिवर्तन र विपद् व्यवस्थापनका चुनौतीहरूका साथै लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणको सवाललाई बजेटमा विशेष संवेदनशीलताका साथ सम्बोधन गरिएको छ। साथै, गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताहरूमा प्राप्त रचनात्मक सुझावहरूलाई मैले प्रमुख पथप्रदर्शक मानेको छु। यस प्रक्रियामा मार्गनिर्देशन गर्नुहुने आदरणीय राजनीतिक दल, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र, प्राज्ञिक एवं

बुद्धिजीवी वर्ग, आमसञ्चार जगत् र सम्पूर्ण आदरणीय गाउँवासी सरोकारवाला महानुभावहरूबाट प्राप्त अमूल्य सुझावहरूलाई यस बजेटको मूल आत्माको रूपमा अंगीकार गरेको छु ।

४. स्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धि, उद्यमशीलता प्रवर्द्धन तथा दिगो रोजगारी सिर्जना गर्दै गरिबी, बेरोजगारी र वञ्चितीकरण न्यूनीकरण गर्ने मूल ध्येय यस बजेटले राखेको छ । उच्च एवं समन्यायिक आर्थिक वृद्धि, दिगो पूर्वाधार विकास, नवप्रवर्तन, शासकीय सुधार र सुशासन हासिल गर्ने यिनै पवित्र उद्देश्यका साथ तर्जुमा गरिएको आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेस गर्ने अनुमति चाहन्छु ।

५. आगामी आर्थिक वर्ष २०८३/०८४ को यो बजेट तथा कार्यक्रम गाउँपालिकामा उपलब्ध भौतिक, प्राकृतिक, आर्थिक एवं मानव स्रोत साधनको रणनीतिक परिचालनमा केन्द्रित रहेको छ । हामीले प्रभावकारी वित्तीय व्यवस्थापन, संस्थागत क्षमता विकास, सुदृढ वित्तीय अनुशासन र मानव पूँजी निर्माणलाई यस बजेटको मूल आधार बनाएका छौँ। यसैगरी, नतिजामूलक आयोजना व्यवस्थापन, पूँजीगत खर्चको दक्षता अभिवृद्धि, तीव्र एवं फराकिलो आर्थिक वृद्धि, दिगो र सन्तुलित विकासका साथै सामाजिक-सांस्कृतिक रूपान्तरण गर्ने ध्येय यस बजेटले बोकेको छ। स्थानीय स्तरमा व्यापक रोजगारी सिर्जना, स्वरोजगार र उद्यमशीलता प्रवर्द्धन गर्दै गाउँपालिकाको समग्र समृद्धि हासिल गर्न यो बजेट पूर्ण रूपमा केन्द्रित रहनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म, गाउँपालिकाको आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु**

६. चालु आर्थिक वर्षको जेठ मसान्त सम्म संघीय सरकारको सामानीकरण अनुदान, सशर्त अनुदान चालु, सशर्त अनुदान पूँजीगत, विशेष अनुदार पुँजीगत र समपूरक अनुदान पूँजीगत रू. २१ करोड ४० लाख ५७ हजार अर्थात प्रस्तावितको ८५.६१

प्रतिशत प्राप्त भएकोछ । प्रदेश सरकारको समानीकरण अनुदान, सशर्त अनुदान चालु, सशर्त अनुदान पूँजीगत, विशेष अनुदान चालु र विशेष अनुदान पूँजीगत रू. २ करोड ९६ लाख ४९ हजार अर्थात प्रस्तावितको ७८.१९ प्रतिशत प्राप्त भएकोछ । संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको आन्तरिक राजस्व संकलन तथा बैंक मौज्दात लगायतको जेठ मसान्त सम्मको कूल आय रू. ३५ करोड १० लाख १५ हजार अर्थात ८६.३ प्रतिशत वास्तविक आम्दानी भएकोछ ।

७. चालु आर्थिक वर्षको जेठ मसान्त सम्म गाउँपालिकाको राजस्व रू. १५ लाख ८२ हजार अर्थात लक्ष्यको ७० प्रतिशत संकलन भएको छ । असार मसान्त सम्म लक्ष्यको ९० प्रतिशत हुने अनुमान गरिएको छ । खास गरी गाउँपालिकाको क्षेत्र भित्र संचालन भईरहेका व्यापार व्यवसायहरू गाउँपालिकाको कार्यालयमा दर्ता तथा नविकरण नहुनु, देश व्यापीरूपमा आर्थिक गतिविधिमा आएको शिथिलता लगायत विविध कारणले राजस्व परिचालन कमजोर रहन गएको छ ।

८. चालु आर्थिक वर्षमा कूल गाउँपालिकाको जेठ मसान्त सम्मको खर्च रू. २२ करोड ९६ लाख २९ हजार अर्थात विनियोजनको ५६.६५ प्रतिशत भएको छ । गाउँपालिकाको जेठ मसान्त सम्मको कूल खर्च मध्ये चालु खर्च रू. १७ करोड ९ लाख ४६ हजार अर्थात विनियोजनको ६३ प्रतिशत, पूँजीगत खर्च रू. ५ करोड ८६ लाख ८२ हजार अर्थात विनियोजनको ४३.८० प्रतिशत खर्च भएको छ । गाउँपालिकाको असार मसान्त सम्म कूल खर्च पूँजीगत तर्फ ८५ प्रतिशत र चालु खर्च ९० प्रतिशत हुने संशोधित अनुमान रहेको छ ।

९. चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको चालु र पूँजीगत खर्च, आर्थिक विकास तर्फ रू. १ करोड ४७  लाख ८७ हजार अर्थात विनियोजनको २६.४१ प्रतिशत खर्च भएको छ । सामाजिक विकास तर्फ रू. १२ करोड ७९ लाख ८३ हजार अर्थात विनियोजनको ७१.९३ प्रतिशत खर्च भएको छ । पूर्वाधार विकास तर्फ रू. ३ करोड ८७ लाख १९ हजार अर्थात विनियोजनको  ५६.८६ प्रतिशत खर्च

भएको छ। सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रू. ५४ लाख ८६ हजार अर्थात विनियोजनको ३२.४८ प्रतिशत खर्च भएको छ।

१०. चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको चालु खर्च, आर्थिक विकास तर्फ रू. ७३ लाख ८५ हजार अर्थात विनियोजनको २६.५२ प्रतिशत खर्च भएको छ। त्यस्तै सामाजिक विकास तर्फ रू. ९ करोड ९० लाख २० हजार अर्थात विनियोजनको ७५.८७ प्रतिशत खर्च भएको छ। पूर्वाधार तर्फ रु. १ करोड ७० लाख ८८ हजार अर्थात विनियोजनको ७५.६१ प्रतिशत खर्च भएको छ। सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रू. ४० लाख ७३ हजार अर्थात विनियोजनको ४०.३१ प्रतिशत खर्च भएको छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रू ४ करोड ७४ लाख ४७ हजार अर्थात ५९.११ प्रतिशत खर्च भएको छ।

११. चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको पूँजीगत खर्च, आर्थिक विकास तर्फ रू. ७४ लाख २ हजार अर्थात विनियोजनको २६.३० प्रतिशत खर्च भएको छ। सामाजिक विकास तर्फ रू. २ करोड ८९ लाख ६३ हजार अर्थात विनियोजनको ६१.०९ प्रतिशत खर्च भएको छ। पूर्वाधार विकास तर्फ रू. २ करोड १६ लाख ३० हजार अर्थात विनियोजनको ४७.५५ प्रतिशत खर्च भएको छ। सुशासन तथा अन्तरसम्बन्धित तर्फ रू. १४ लाख १३ हजार अर्थात विनियोजनको २०.८२ प्रतिशत खर्च भएको छ। कार्यालय संचालन तथा प्रशासनिक तर्फ रू. ३९ लाख १४ हजार अर्थात विनियोजनको ६३.५५ प्रतिशत खर्च भएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म, अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती तथा अवसर संक्षेपमा प्रस्तुत गर्न चाहन्छु:**

१२. **हाम्रा मुख्य चुनौतीहरू:**

क) नेपाल सरकार र प्रदेश सरकारको राजस्व संकलनमा आएको संकुचन, गाउँपालिकाको सीमित आर्थिक क्षेत्राधिकार र न्यून आन्तरिक राजस्व परिचालन क्षमताका कारण हाम्रो समग्र स्रोत व्यवस्थापन र वित्तीय सन्तुलनमा गम्भीर दबाब परेको छ।

ख) आयोजनाहरूको पूर्वतयारी र प्राथमिकीकरणमा कमी, विनियोजन कुशलताको अभाव, फितलो अनुगमन तथा मूल्यांकन र अन्तर-निकाय समन्वयको कमजोरीले गर्दा पूँजीगत खर्च न्यून हुने र चालू खर्चको आकार बढ्दै जाने चुनौती सिर्जना भएको छ। यसले गर्दा वित्त परिचालनलाई सन्तुलित र समन्यायिक बनाउन कठिन भइरहेको छ।

ग) गाउँपालिकाको आर्थिक रूपान्तरणमा गेम-चेन्जर (Game Changer) हुन सक्ने ठूला आयोजनाहरूमा पर्याप्त स्रोत र प्रभावकारी व्यवस्थापन मिलाउन नसक्दा आयोजनाको लागत र समय दुवै बढ्न गई पूँजी निर्माण र रोजगारी सिर्जनामा सुस्तता आएको छ।

घ) अपिहिमालको विकट भौगोलिक अवस्थितिका कारण गाउँपालिकाको केन्द्र (सदरमुकाम) देखि सबै वडाका केन्द्रहरूलाई बाह्रै महिना चल्ने सडक सञ्जालमा जोड्न विशाल आर्थिक स्रोतको आवश्यकता पर्ने देखिन्छ, जसको व्यवस्थापन गर्नु आफैँमा चुनौतीपूर्ण छ।

ङ) वित्तीय संघीयता कार्यान्वयनको सिलसिलामा संघ, प्रदेश र स्थानीय सरकारबीच बजेट तर्जुमा, आयोजना कार्यान्वयन, वित्तीय अनुशासन, राजस्व सुधार र एकीकृत

प्रतिवेदन प्रणालीमा प्रभावकारी समन्वय, सहकार्य तथा सामञ्जस्य कायम गर्नु चुनौतीपूर्ण रहेको छ।

च) आन्तरिक राजस्व प्रणालीमा सबै क्षेत्रलाई करको दायरामा समेट्न नसक्दा आर्थिक आत्मनिर्भरताको लक्ष्य अधुरै रहेको छ। अर्कोतर्फ, संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा समय-समयमा हुने कटौतीले गाउँपालिकामाथि थपिएको आर्थिक दायित्व व्यवस्थापन गर्न कठिन भएको छ।

छ) पर्यटकीय दृष्टिकोणले अपिहिमाल एक उत्कृष्ट र अद्वितीय गन्तव्य हुँदाहुँदै पनि पर्याप्त आर्थिक स्रोतको अभावले गर्दा आवश्यक पूर्वाधार निर्माण, प्रचार-प्रसार र स्थानीय स्तरमा पर्यटन चेतना जगाउने कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन। जसका कारण हामीले अपेक्षित रूपमा आन्तरिक तथा बाह्य पर्यटकहरू भित्र्याउन सकेका छैनौँ।

ज) गाउँपालिकाको बजेट प्रणालीलाई प्रविधिमैत्री र नतिजामूलक बनाउँदै यसमा दिगो विकास लक्ष्य (SDGs), जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक समानता, सामाजिक समावेशीकरण र विपद् जोखिम न्यूनीकरण जस्ता विषयहरूलाई पूर्ण रूपमा आन्तरिकीकरण गर्नु आजको आवश्यकता र चुनौती दुवै हो।

१३. **विद्यमान अवसरहरू र हाम्रा पहलकदमीहरू:**

माथि उल्लिखित अनेकौँ चुनौतीहरूका बाबजुद गाउँपालिकाले लिएका नीतिगत र व्यावहारिक पहलकदमीहरूका कारण हाम्रो अर्थतन्त्रमा सकारात्मक र उत्साहजनक संकेतहरू देखिन थालेका छन्, जसलाई हामीले अवसरका रूपमा लिएका छौँ:

क) चालू आर्थिक वर्षको प्रथम र दोस्रो त्रैमासको तुलनामा पछिल्लो त्रैमासमा गाउँपालिकाभित्र आर्थिक गतिविधिहरू तीव्र रूपमा विस्तार भएका छन् र बहुप्रतीक्षित आयोजना तथा कार्यक्रमहरू द्रुत गतिमा सम्पन्न हुने चरणमा पुगेका छन्।

ख) लक्षित वर्ग, विभिन्न पेसा-व्यवसायमा संलग्न तथा नयाँ उद्यम सुरु गर्न चाहने इच्छुक गाउँवासीहरूलाई सीपमूलक तालिम र आधुनिक प्रविधिहरू अनुदानमा उपलब्ध

गराइएकाले स्थानीय स्तरमा स्वरोजगार र आर्थिक क्रियाकलापमा ठूलो बढोत्तरी भएको छ ।

ग) सरकारी, निजी र सहकारी क्षेत्रको त्रिपक्षीय लगानी विस्तार मार्फत उत्पादन, उत्पादकत्व र रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्ने र उच्च आर्थिक वृद्धिको बलियो आधार तयार गर्ने सुनौलो अवसर हामीसामु छ ।

घ) अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका अवरोधहरूलाई हटाउन आगामी दिनमा व्यापक नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधार गरी गाउँपालिकाको अर्थतन्त्रलाई सही लयमा फर्काउन हाम्रो पालिका सरकार पूर्ण रूपमा दृढ संकल्पित रहेको विश्वास दिलाउन चाहन्छु ।

१४. **बजेट तर्जुमाका मूल आधारहरू:**

यिनै चुनौतीहरूको सम्बोधन र अवसरहरूको समुचित उपयोग गर्नका लागि मैले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कुराहरूलाई मूल आधार बनाएको छु:

१. आन्तरिक राजस्व परिचालनमा वृद्धि, पूँजीगत खर्चको दक्षता अभिवृद्धि र चालू खर्चमा उच्च मितव्ययिता कायम गर्ने ।

२. वित्तीय उत्तरदायित्व, अनुशासन, तहगत सरकारबीच सुदृढ समन्वय, सेवा प्रवाहमा नवीनता र सुशासन प्रवर्द्धन गर्ने ।

३. गाउँपालिकाको समानुपातिक तथा समन्यायिक विकास, स्रोत विनियोजनमा न्याय, कमजोर वर्गको संरक्षण र मानव विकासमा बढोत्तरी गर्ने ।

४. सार्वजनिक स्रोतको उपलब्धिमूलक परिचालन मार्फत धनी र गरिबबीचको खाडल कम गर्दै आत्मनिर्भर र स्वचालित स्थानीय अर्थतन्त्रको जग बसाल्ने ।

**सभाध्यक्ष महोदय,**

**आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन्:**

१५. "**सुन्दर, समृद्ध र विकसित अपिहिमाल**" निर्माण गर्ने ध्येयका साथ बजेटको उद्देश्य देहायअनुसार उल्लेख गरेको छ:

(क) परम्परागत कृषिको रूपान्तरण, रोजगारी सिर्जना र स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्ने,

(ख) साहसिक तथा पर्या-पर्यटनको विकास र सांस्कृतिक सम्पदाको संरक्षण गर्ने,

(ग) प्रविधिमैत्री गुणस्तरीय शिक्षा र सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने,

(घ) समावेशी सामाजिक सुरक्षा, दिगो पूर्वाधार र वातावरणीय उत्थानशीलता कायम गर्ने,

(ङ) वित्तीय अनुशासन, राजस्व दायरा विस्तार र सूचना प्रविधिमा आधारित सुशासन हासिल गर्ने।

**सभाध्यक्ष महोदय**

**अब म बजेटका उद्देश्य पूरा गर्न तय गरिएका प्राथमिकता प्रस्तुत गर्दछु:**

१६. **बजेटका प्राथमिकता निम्नानुसार निर्धारण गरेको छ:**

क. परम्परागत र निर्वाहमुखी क्षेत्रलाई व्यावसायिक, प्रविधिमैत्री र उच्च प्रतिफल दिने क्षेत्रमा रूपान्तरण गर्दै स्थानीय उत्पादन क्षमताको विकास गर्ने।

ख. नागरिकको मौलिक हकको संरक्षण गर्दै शिक्षा, स्वास्थ्य, पोषण र सीप विकासका क्षेत्रमा समन्यायिक पहुँच र गुणात्मक सुधार सुनिश्चित गर्ने।

ग. आर्थिक-सामाजिक रूपमा पछाडि पारिएका वर्ग, क्षेत्र र लिंगको मूलप्रवाहीकरण गर्दै भौगोलिक सन्तुलन कायम हुने गरी आयोजनाहरूको तर्जुमा र कार्यान्वयन गर्ने।

घ. करको दायरा फराकिलो बनाउने, सार्वजनिक-निजी-सहकारी साझेदारी (PPCP) लाई प्रोत्साहन गर्ने र बाह्य अनुदानमाथिको निर्भरता क्रमशः कम गर्दै लैजाने।

ङ. स-साना आयोजनामा बजेट छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै रूपान्तरणकारी आयोजनामा स्रोत सुनिश्चित गर्ने तथा चालू खर्चमा उच्च मितव्ययिता कायम गर्ने।

च. विकास निर्माणका हरेक चरणमा जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणका सिद्धान्तहरूलाई अनिवार्य रूपमा आन्तरिकीकरण गर्ने ।

छ. सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग (E-Governance), पारदर्शिता, वित्तीय उत्तरदायित्व र भ्रष्टाचारमुक्त प्रशासनिक संयन्त्रको निर्माण गर्ने ।

**सभाध्यक्ष महोदय,**

**अब म बजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु :**

१७. बजेट तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिएको छु:

क. नेपालको संविधान र संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,

ख. संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

ग. दिगो विकासका लक्ष्यहरु,

घ. स्थानीय सरकार संचालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,

ङ. नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरु,

च. संघीय सरकारको १६ औं योजना, सुदुरपश्चिम प्रदेश सरकार र अपिहिमाल गाउँपालिकाको आवधिक योजना,

छ. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन,

ज. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सृजित दायित्व,

झ. प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरु,

ञ. एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४,

ट. अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम,

ठ. अपिहिमाल गाउँपालिकाको आर्थिक सर्वेक्षण, २०८३

ङ. गाउँपालिकाका जनप्रतिनिधि, राजनीति दल, विषयगत शाखा, निजी क्षेत्र, संचार जगत, बुद्धिजिवि वर्गबाट प्राप्त राय सुझावहरू समेटी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिम बजेट प्रणालीमा सुधार प्रस्ताव गरेको छु :**

१८. बजेट विनियोजनलाई खुद्रे र खुद्रा योजनामा छर्नुको सट्टा गाउँपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग आवद्ध गरिनेछ। निश्चित सूचकका आधारमा परिणाम दिने (Result-oriented) र उत्पादनशील क्षेत्रका रूपान्तरणकारी आयोजनामा मात्र बजेट केन्द्रित गर्ने प्रणालीको सुरुवात गरिनेछ।

१९. वित्तीय अनुशासन कायम गर्न र विकास निर्माणको गुणस्तर बढाउन १० लाख रुपैयाँभन्दा माथिका सबै आयोजनाहरूमा उपभोक्ता समितिको परिचालनलाई निरुत्साहित गर्दै औचित्य तथा आवश्यकताको आधारमा विद्युतीय खरिद प्रणाली (इ-बिडिङ) मार्फत ठेक्का प्रक्रियाबाट कार्यान्वयन गरिनेछ।

२०. बजेट प्रणालीलाई आधुनिक र प्रविधिमैत्री बनाउन वित्तीय जिम्मेवारी तथा जवाफदेहिता अनुकूलका सफ्टवेयरहरूको प्रयोग गरिनेछ। सामाजिक सुरक्षा भत्ता र अनुदान वितरणमा **'बायोमेट्रिक प्रमाणीकरण'** प्रणाली लागू गरी बजेटको चुहावट पूर्ण रूपमा नियन्त्रण गरिनेछ।

२१. जग्गा विवाद, प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (IEE/EIA) र विस्तृत इन्जिनियरिङ प्रतिवेदन (DPR) लगायतका पूर्वतयारी पुरा नभएका आयोजनामा बजेट विनियोजन नगर्ने परिपाटी बसाइनेछ। तयारी पुरा भएका आयोजनाहरूलाई मात्र 'परियोजना बैंक' मा सूचीकृत गरी बजेट दिने व्यवस्था गरिनेछ।

२२. गाउँपालिकाको भौगोलिक विकटता, मानव विकास सूचकाङ्क र लैंगिक तथा सामाजिक समावेशीकरण (GESI) का आधारमा बजेटको समन्यायिक बाँडफाँड

गरिनेछ। चालू खर्चमा उच्च मितव्ययिता अपनाउँदै पूँजीगत खर्चको त्रैमासिक लक्ष्य निर्धारण गरी समीक्षा गर्ने र खर्च क्षमता बढाउने संयन्त्र निर्माण गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**<u>आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन</u>**

२३.अर्थतन्त्रको संरचनागत रूपान्तरण गर्ने आर्थिक सुधार कार्यक्रम अगाडि बढाइने छ। यो सुधार मूलत: अर्थतन्त्रमा प्रतिस्पर्धात्मक क्षमताको विकास, कार्यकूशलता अभिवृद्धि, संस्थागत सुदृढीकरण, गाउँपालिकामा सूचना प्रविधि तथा नवप्रवर्तन, उद्योग स्थापनामा प्रोत्साहनमा केन्द्रित हुनेछ ।

२४. व्यवसायमैत्री वातावारण सिर्जना गरी निजी क्षेत्रको मनोबल बढाइने छ । लगानी विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न क्षेत्रगत रूपमा नीतिगत र प्रक्रियागत सुधारको प्रस्ताव गरेको छु।

२५. प्राथमिकीकरण नगरी साना आयोजना तथा कार्यक्रमहरूमा स्रोत साधन छर्ने प्रवृत्ति रोक्ने प्रयासका बाबजुद सीमित स्रोत तथा बढ्दो माग र अपेक्षाका कारण पूर्ण रूपमा रोक्न सकिएको छैन । आगामी आर्थिक वर्षमा कार्यक्रम र आयोजनाको औचित्य तथा आवश्यकताको सघन समीक्षा गरी बजेट प्रणालीमा थप सुधार र पुनर्संरचना गरिनेछ ।

२६. माथि उल्लेखित नीतिगत तथा संरचनागत सुधारले बजेट विनियोजन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपेक्षा गरेको छु ।

**सभाध्यक्ष मोहदय,**

**अब म, आगामी आर्थिक वर्षको बजेटका प्रमुख क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु:**

**<u>कृषि, पशुपन्छी तथा सहकारी</u>**

२७. परम्परागत खेती प्रणालीलाई क्रमशः विस्थापन गर्दै आधुनिक र व्यावसायिक खेती प्रणालीमा रूपान्तरण गर्न ‘‘एक वडा, एक आत्मनिर्भर उत्पादन कार्यक्रम’’ सञ्चालन

गरिनेछ । यसबाट कृषि योग्य भूमिको उत्पादकत्व क्षमता बढाई गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गरिनुका साथै प्राङ्गारिक मल प्रयोगलाई प्रोत्साहित गरी रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ ।

२८. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको व्यावसायिक ज्ञान र श्रमलाई स्थानीयस्तरमै उपयोग गर्न **“रिटर्नी कृषि उद्यम साझेदारी कार्यक्रम”** सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु । यस अन्तर्गत उद्यमी युवाहरूको श्रम र सीप परिचालन गरी गाउँपालिकाको तर्फबाट प्रविधि हस्तान्तरण, पूर्वाधार निर्माणमा सहयोग र बजार व्यवस्थापनको प्रत्याभूति गराइनेछ ।

२९. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै वातावरण मैत्री र स्थानीय हावापानी सुहाउने फलफूल, तरकारी, नगदेबाली तथा जडीबुटी खेतीमा जोड दिइनेछ । गाउँपालिका भित्रका स्थानीय रैथाने बालीको संरक्षण र प्रवर्द्धन गर्नुका साथै भाङो खेतीलाई प्रोत्साहित गर्दै भाङोको बहुउपयोगी वस्तुहरू उत्पादन र सोको विशिष्ट ब्रान्डिङका लागि विशेष व्यवस्था मिलाएको छु ।

३०. पशुपालन क्षेत्रलाई निर्वाहमुखीबाट व्यावसायिकतातर्फ रूपान्तरण गर्न **"उत्पादनमा आधारित प्रोत्साहन प्रणाली"** लागू गरिनेछ । नश्ल सुधारका लागि उन्नत जातका पशु वितरण तथा कृषकको घरदैलोमै सुलभ कृत्रिम गर्भाधान सेवा थप विस्तार गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३१. पशुपालनमा उत्पादन लागत घटाउन र उत्पादकत्व बढाउन घाँस काट्ने मेसिन एवं आधुनिक गोठ सुधार प्रयोगमा विशेष सहुलियत र प्रोत्साहन दिने कार्यलाई निरन्तरता दिइनेछ । साथै, पशु स्वास्थ्यको सुनिश्चितता र सम्भावित जोखिम न्यूनीकरणका लागि **"पूर्ण पशु बिमा कार्यक्रम"** र महामारीजन्य रोगविरुद्ध पशु खोप सेवा सञ्चालन गरिनेछ ।

३२. सहकारी क्षेत्रलाई उत्पादन र रोजगारीसँग जोड्न 'बचत-ऋण' बाट उद्यमशीलता तर्फ रूपान्तरण गरिनेछ । यसका लागि **“एक सहकारी, एक विशिष्ट उत्पादन”** को नीति

अवलम्बन गरी उत्पादनमूलक तथा प्रशोधनजन्य उद्योगमा संलग्न हुने सहकारीहरूलाई मेसिनरी उपकरण खरिद र भौतिक पूर्वाधार निर्माणमा गाउँपालिकाले लागत साझेदारी तथा विशेष अनुदान उपलब्ध गराउने रणनीति लिइनेछ।

३३. स्थानीय पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न **"पालिका-सहकारी युवा स्वरोजगार कोष"** सञ्चालन गरिनेछ। यस कोषबाट बेरोजगार युवाहरूले व्यवसाय सञ्चालन गर्न सहकारीमार्फत ब्याज अनुदान (Interest Subsidy) सहितको सहुलियतपूर्ण ऋण प्राप्त गर्ने सुनिश्चितता गरिनेछ।

३४. सहकारीमा हुन सक्ने आर्थिक जोखिम न्यूनीकरणका लागि **'डिजिटल रिपोर्टिङ'** र **'नियमित सघन अनुगमन' (Intensive Monitoring)** प्रणाली लागू गरिनेछ। सहकारीको सम्पत्ति र पुँजी संरक्षणका लागि सञ्चालकहरूको जवाफदेहिता सुनिश्चित गरिनुका साथै गलत कार्य गर्नेलाई प्रचलित कानुन बमोजिम कडा कारबाहीको दायरामा ल्याई बचतकर्ताको हित संरक्षण गरिनेछ।

३५.कृषि विकास, पशुपन्छी सेवा र सहकारी क्षेत्र तर्फ रू. ३९ लाख ६० हजार विनियोजन गरेको छु।

**सभाध्यक्ष मोहदय,**

**<u>पर्यटन तथा साँस्कृतिक सम्पदा</u>**

३६.गाउँपालिकाका ऐतिहासिक, धार्मिक र प्राकृतिक क्षेत्रहरूको संरक्षण गर्दै पर्यटकीय पूर्वाधार विकासमा स्थानीय मौलिकता र नवप्रवर्तनलाई प्राथमिकता दिइनेछ। पदमार्ग विस्तार, भ्यू पोइन्ट निर्माण तथा **अपिहिमाल आधार शिविर** जस्ता प्रमुख क्षेत्रलाई आकर्षक अन्तराष्ट्रियस्तरको गुणस्तरीय र व्यवस्थित गन्तव्यका रूपमा विकास गरी राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

३७. स्थानीय समुदायको आय आर्जन र जीविकोपार्जनको आधार मजबुत बनाउन प्राकृतिक सौन्दर्य, रैथाने खानपान र अर्गानिक उत्पादनलाई जोडेर होमस्टे

(घरबास) कार्यक्रमलाई विस्तार गरिनेछ । यसका साथै, पर्यटकहरूलाई स्थानीय जीवनशैलीसँग साक्षात्कार गराउन **'भेडिगोठ बास'** र **'Meet The People'** जस्ता नवीन कार्यक्रम मार्फत कृषि-पर्यटनलाई प्रवर्द्धन गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३८. अपि, नाम्पा र कापुचुली लगायतका हिमाल आरोहण खुल्ला गर्न र आरोहीहरूलाई आकर्षित गर्न आवश्यक पहल गरिनेछ । गाउँपालिकालाई साहसिक पर्यटनको केन्द्र (Adventure Tourism Hub) का रूपमा स्थापित गर्न **अल्ट्रा हाई अल्टिच्युट म्याराथन, रक क्लाइम्बिङ, राष्ट्रियस्तरको भलिबल, क्रिकेट प्रतियोगिता र हिउँमा खेलिने साहसिक स्कि (Ski)** खेलको सम्भाव्यता अध्ययन तथा आयोजनाका लागि बजेट विनियोजन गरेको छु।

३९.गाउँपालिकाका प्रमुख पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार-प्रसारका लागि **'अपिहिमाल पर्यटन डिजिटल अभियान'** सञ्चालन गरिनेछ । स्वदेशी तथा विदेशी चर्चित कन्टेन्ट क्रिएटर र भ्लगरहरूलाई परिचालन गरी पर्यटकीय स्थलहरूको डिजिटल मार्केटिङ गरिनेछ र पर्यटकहरूको सुविधाका लागि बहुभाषी सूचना प्रणालीको विकास गरिनेछ ।

४०. पर्यटन क्षेत्रमा महिला तथा युवाहरूको रोजगार र संलग्नता बढाउन नेचर गाइड, कुक र हस्पिटालिटी (Hospitality) सम्बन्धी व्यावसायिक तथा सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ । पर्यटनलाई शिक्षा र स्वास्थ्य क्षेत्रसँग जोड्दै **शैक्षिक पर्यटन (Educational Tourism)** र विशेषज्ञ चिकित्सक सहितको **'हेल्थ टुरिजम'** का नवीन कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।

४१. गाउँपालिकामा रहेका जातीय तथा सांस्कृतिक संग्रहालयहरूलाई थप व्यवस्थित, आकर्षक र पर्यटकीय सम्पदाका रूपमा सञ्चालन गरिनेछ । नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग, प्रदेश सरकार र अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी

दिगो पर्यटन परियोजना(STP) सँगको सहकार्यमा पर्यटकीय आयोजनाहरूको विकास र प्रवर्द्धन गर्ने रणनीति लिइनेछ ।

४२. मित्र राष्ट्र भारत, चीन लगायत तेस्रो मुलुकका पर्यटक भित्र्याउन पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । गर्मीको मौसममा गर्मी छल्न र जाडोको समयमा हिउ खेल्नको लागि अपिहिमाललाई हिल स्टेशनको रुपमा विकास गरिनेछ । तामाखानी भ्यू पोइन्ट, धरमघर, क्षेत्ती, घाजीर, सितोला गाउँ, चाइमटेला, सतगंगा लगायत कापुचुली हिमालको आधार शिविरलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

४३. पर्यटन प्रवर्धन क्षेत्रका लागि रू ५ करोड ९९ लाख १० हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष मोहदय,**

**लघु उद्यम तथा उद्योग बिकास**

४४.भौगोलिक विकटताका कारण दुर्गम क्षेत्रमा रहेका जडीबुटी, अल्लो, रेशाजन्य लगायतका बहुमूल्य कच्चा पदार्थहरू ढुवानीमा भइरहेको अवरोधलाई सदाका लागि अन्त्य गर्न आगामी आर्थिक वर्षदेखि **"उद्यमीको आँगनमा प्रविधि"** अभियान सञ्चालन गरिनेछ । सडक सञ्जाल नपुगेका दुर्गम बस्तीहरूमा कच्चा पदार्थको स्थानीय स्तरमै अर्ध-प्रशोधन गरी तौल घटाउन र मूल्य अभिवृद्धि (Value Addition) गर्न सहज हुने खालका साना तथा पोर्टेबल (Portable) प्रशोधन मेसिनहरू खरिद गरी गाउँपालिकाकै ढुवानीमा कृषक तथा उद्यमीहरूको बस्तीमै पुऱ्याउने व्यवस्था मिलाएको छु । यस कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४५. इन्टरनेट र सडक पहुँचभन्दा बाहिर रहेका सिती, घुसा, क्षेत्ती, घाजिर, धंकं, सौगन्ना लगायत क्षेत्रका परम्परागत हस्तकला, मौलिक उत्पादन र संस्कृतिको संरक्षण एवं व्यावसायिकरणका लागि "पुर्ख्यौली सीप, आधुनिक पहिचान" कार्यक्रम प्रस्ताव

गरेको छु । सडक मार्ग नपुगेका बस्तीबाट उत्पादनहरूलाई सडक पहुँच भएका संकलन केन्द्रहरूसम्म ल्याउनका लागि यातायात/ढुवानी अनुदान (Transport Subsidy) को व्यवस्था गरेको छु । डिजिटल पहुँच नभएका उद्यमीहरूका उत्पादनलाई गाउँपालिका आफैँले 'बजारीकरण एजेन्ट'को भूमिका निर्वाह गर्दै 'अर्गानिक' र 'हस्तकला' को विशेष ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रदर्शनी र सहरी बजारहरूमा पुऱ्याउने सुनिश्चितता बजेट मार्फत गरेको छु ।

४६. दूरसञ्चार र आधुनिक प्रविधिको अभावमा पछि परेका उद्यमीहरूलाई प्रविधि र बजारको नयाँ ज्ञान दिन प्राविधिक प्रशिक्षकहरू दुर्गम बस्तीमै पठाएर १५ देखि ३० दिनसम्मको **"सिक्दै, कमाउँदै" सघन घुम्ती तालिम शिविर** सञ्चालन गरिनेछ। बैंकिङ पहुँच नपुगेका विकट क्षेत्रका लघु उद्यमीहरूलाई प्रोत्साहन गर्न नगद अनुदानको सट्टा प्रत्यक्ष लाभ पुग्ने गरी **प्रविधि तथा आधुनिक उपकरण अनुदान** उपलब्ध गराउने व्यवस्था मिलाएको छु । साथै, सडक विहीन क्षेत्रमा सामूहिक उद्यमशीलताको विकासका लागि सामुदायिक समूहहरू मार्फत **'श्रम र प्रविधि साटासाट' (Labor and Technology Exchange)** गर्ने विशेष संयन्त्र निर्माण गरिनेछ ।

४७. लघु उद्यम तथा उद्योग विकासका लागि रु. २३ लाख ५ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**<u>श्रम तथा रोजगार</u>**

४८.गाउँपालिका भित्रका श्रमशक्तिलाई देशभित्रै मर्यादित रोजगारी सुनिश्चित गर्न र रोजगारीको सूचनामा सबैको पहुँच पुऱ्याउन हालको रोजगार सूचना केन्द्रलाई स्तरोन्नति गरी "स्थानीय रोजगार बैंक" को अवधारणा कार्यान्वयनमा ल्याइनेछ । यस बैंक मार्फत गाउँपालिका भित्रका दक्ष, अर्ध-दक्ष र अदक्ष श्रमिकहरूको विस्तृत डिजिटल लगत (Profile) तयार गरी रोजगारदाता र श्रमिकबीच प्रत्यक्ष सम्पर्क

गराउने प्रणाली स्थापना गरिनेछ । पुस्तौँदेखि परम्परागत सीप (जस्तै: सिकर्मी, डकर्मी, आदि) मा आबद्ध तर औपचारिक प्रमाणपत्र नभएका स्थानीय श्रमिकहरूको श्रमको सम्मान र उचित ज्याला सुनिश्चित गर्न "सीप परीक्षण तथा प्रमाणीकरण कार्यक्रम" सञ्चालन गरी आधिकारिक प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

४९.वैदेशिक रोजगारीबाट फर्किएका तथा बेरोजगार युवाहरूको ज्ञान, सीप, अनुभव र पूँजीलाई गाउँपालिकाको आर्थिक रूपान्तरणमा जोड्न **"प्रविधि र लगानी साझेदारी कार्यक्रम"** घोषणा गर्दछु । विदेशबाट फर्किएका युवाहरूको सीपलाई नवप्रवेशी उद्यमीहरूसँग जोड्न 'मेन्टरसीप' कार्यक्रम सञ्चालन गरिनेछ । उनीहरूलाई स्थानीय स्तरमा उद्यम व्यवसाय सुरु गर्न आवश्यक पर्ने प्राविधिक सल्लाह र प्रशासनिक प्रक्रियामा 'एकद्वार सहजीकरण' गर्दै **"अध्यक्ष स्वरोजगार कार्यक्रम"** मार्फत विशेष वित्तीय सहुलियत तथा आधुनिक उपकरण अनुदान प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५०.स्थानीय विकासमा नागरिकको अपनत्व बढाउन र परम्परागत श्रमदानको संस्कृतिलाई ब्युँताउन आगामी आर्थिक वर्षदेखि **"मेरो गाउँ, मेरो पसिना"** अभियान सञ्चालन गरिनेछ । यस अन्तर्गत महिनाको एक दिन सार्वजनिक पूर्वाधारहरू (जस्तै: गोरेटो बाटो, सिँचाइ कुलो, विद्यालय तथा सार्वजनिक भवन मर्मत) निर्माण र सम्भारमा जनप्रतिनिधि, कर्मचारी र नागरिकहरूको प्रत्यक्ष अनिवार्य श्रमदान सुनिश्चित गरिनेछ । यस अभियानमा नियमित र उत्कृष्ट योगदान पुऱ्याउने युवाहरूलाई प्रोत्साहन गर्न **"स्वयंसेवक क्रेडिट प्रणाली" (Volunteer Credit System)** को विकास गरिनेछ, जसका आधारमा गाउँपालिकाबाट प्रवाह हुने अन्य सेवा, सुविधा र सिफारिसहरूमा उनीहरूलाई विशेष प्राथमिकता दिइनेछ ।

५१. श्रम तथा रोजगार क्षेत्रका लागि रु. ८१ लाख ३८ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**<u>शिक्षा यूवा तथा खेलकूद</u>**

५२. सामुदायिक विद्यालयहरूको शिक्षण विधिलाई वैज्ञानिक र प्रविधिमैत्री बनाउन आगामी आर्थिक वर्षभित्र सबै सामुदायिक विद्यालयहरूमा चरणबद्ध रूपमा **"स्मार्ट क्लासरुम"** को अवधारणा लागू गरिनेछ। शिक्षकहरूलाई प्रविधिमा आधारित शिक्षण तालिम प्रदान गर्न र डिजिटल शैक्षिक सामग्री उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

५३. प्रत्येक वडामा कम्तीमा एक **"नमूना विद्यालय"** विकास गर्ने कार्यलाई निरन्तरता दिँदै ती विद्यालयहरूमा आधुनिक भौतिक पूर्वाधार, डिजिटल पुस्तकालय (E-Library) र सुविधासम्पन्न विज्ञान तथा कम्प्युटर प्रयोगशालाको सुविधा सुनिश्चित गर्न विशेष अनुदानको व्यवस्था मिलाएको छु ।

५४. आर्थिक रूपमा विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई MBBS, कृषि स्नातक लगायतका उच्च प्राविधिक शिक्षा अध्ययनका लागि प्रदान गर्रिंदै आएको **"गाउँपालिका अध्यक्ष उच्च शिक्षा छात्रवृत्ति"** लाई थप विस्तार गरेको छु । यसरी छात्रवृत्ति प्राप्त गर्ने जनशक्तिलाई अध्ययन पश्चात गाउँपालिकाकै स्वास्थ्य सेवामा अनिवार्य आबद्ध गराउने कानुनी तथा प्रशासनिक संयन्त्रलाई सुदृढ गरिनेछ।

५५. विद्यालय तहदेखि नै आत्मनिर्भरताको जग बसाल्न बाली विज्ञान र कृषि शिक्षालाई विद्यालयको पाठ्यक्रममै समावेश गरी विद्यार्थीहरूलाई **"प्रयोगात्मक कृषि फार्म"** मा प्रत्यक्ष संलग्न गराइनेछ । यसबाट 'पढ्दै, कमाउँदै' गर्ने र स्वरोजगारीतर्फ आकर्षित हुने वातावरण बनाईनेछ ।

५६. सामुदायिक विद्यालयमा अभिभावक र सरोकारवालाहरूको अपनत्व बढाउन सकारात्मक सोच, योग, ध्यान र स्थानीय संस्कृति समेटिएको **स्थानीय पाठ्यक्रमको पूर्ण कार्यान्वयन**का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५७. विद्यालय उमेरका बालबालिकाहरूको नियमित स्वास्थ्य जाँच सुनिश्चित गर्न र छात्राहरूको महिनावारी स्वास्थ्यलाई सुरक्षित बनाउँदै विद्यालयमा निरन्तरता दिन **" विद्यालय नर्स"** कार्यक्रमलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। सबै सामुदायिक विद्यालयमा छात्राहरूका लागि गुणस्तरीय स्यानिटरी प्याडको निःशुल्क र व्यवस्थित वितरणलाई निरन्तरता दिईएको छ । विद्यालय दिवाखाजालाई स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवाखाजाका रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ।

५८. युवाहरूको प्रतिभा प्रस्फुटन र खेलकुदको विकासका लागि **"अध्यक्ष प्रिमियर लिग (APL)"** लगायतका प्रतियोगिताहरूलाई निरन्तरता दिइनेछ । गाउँपालिकाको विशिष्ट भौगोलिक बनावटलाई उपयोग गर्दै साहसिक खेल पर्यटन (Adventure Sports Tourism) को प्रवर्द्धन र बहुप्रतीक्षित **"हाई-अल्टिच्युड रंगशाला" (High-Altitude Stadium)** निर्माणको कार्यलाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु।

५९. गाउँपालिकाको नाम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रोशन गर्ने पदक विजेता खेलाडीहरूलाई विशेष प्रोत्साहन भत्ताको व्यवस्था मिलाएको छु। साथै, वडा तहसम्म खेलकुदको पहुँच पुऱ्याउन प्रत्येक वडामा आधारभूत खेलकुद पूर्वाधार तथा खेल मैदान निर्माण कार्यलाई तीव्रता दिइनेछ।

६०. शिक्षा, यूवा तथा खेलकूद तर्फका लागि रू. १० करोड ५३ लाख ४० हजार विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

**जनस्वास्थ्य तथा आयुर्वेद सेवा**

६१. नागरिकको स्वास्थ्य रक्षा र निरोगी नेपालको राष्ट्रिय संकल्पलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न **"मेरो स्वास्थ्य: मेरो जिम्मेवारी"** अभियान सञ्चालन गरिनेछ। स्वस्थ जीवनशैलीका लागि शारीरिक व्यायाम, योग र स्थानीय रैथाने बालीको

उपभोगलाई प्रोत्साहन गरिनेछ। मधुमेह, उच्च रक्तचाप र क्यान्सर जस्ता नसर्ने रोगको जोखिम कम गर्न स्वास्थ्यकर्मीहरूलाई घरदैलोमै परिचालन गरी **निःशुल्क स्क्रिनिङ, परामर्श र उपचार सेवा** विस्तारका लागि बजेट व्यवस्था गरेको छु। निर्माण सम्पन्न हुदै गरेको १० शैया अस्पताल संचालनका लागि आवश्यक पूर्वाधारको प्रबन्ध मिलाई आधारभूत अस्पताल संचालनमा ल्याईनेछ। सबै स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको अभिलेख तथा प्रतिवेदनलाई डिजिटल्याइजेसन गरी पेपरलेस बनाईनेछ।

६२. गाउँपालिका अन्तर्गत रहेको आयुर्वेदिक औषधालयको स्तरोन्नति गरी गुणस्तरीय आयुर्वेदिक विधिबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरूबाट **आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा प्रणाली**लाई एकीकृत रूपमा विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६३.**"स्वास्थ्यमा प्रविधि: समृद्धिमा गति"** भन्ने नाराका साथ स्वास्थ्य क्षेत्रमा आधुनिक डिजिटल प्रविधिको प्रयोग सुनिश्चित गरिनेछ। भौगोलिक विकटताका कारण विशेषज्ञ स्वास्थ्य सेवाबाट वञ्चित नागरिकका लागि टेलिहेल्थ तथा टेलिमेडिसिन सेवा सहितको **"स्मार्ट हेल्थ" (Smart Health)** कार्यक्रमलाई निरन्तरता दिई थप विस्तार गरिनेछ।

६४. सुरक्षित मातृत्व र बहुक्षेत्रीय पोषण योजनालाई तल्लो तहसम्म प्रभावकारी बनाउन **"उपाध्यक्ष एकिकृत पोषण तथा स्वास्थ्य कार्यक्रम"** लाई निरन्तरता दिँदै थप सुदृढ बनाइएको छ। विकट बस्तीका आकस्मिक अवस्थामा परेका गर्भवती वा सुत्केरी महिलाको ज्यान जोगाउन **निःशुल्क हेलिकप्टर मार्फत हवाई उद्धार (Air Airlift)** को प्रबन्ध मिलाईनेछ।

६५. महिलाहरूमा हुने पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) र स्तन क्यान्सरको निःशुल्क परीक्षण शिविरहरूलाई निरन्तरता दिइनेछ। साथै, लिङ्गको

आधारमा गरिने अवैध गर्भपतन र बालविवाह जस्ता कुप्रथाहरू विरुद्ध किशोरी लक्षित **सचेतना तथा सशक्तीकरण कार्यक्रम** सञ्चालन गरिनेछ ।

६६. प्रत्येक बालबालिकाको पूर्ण खोप पाउने नैसर्गिक अधिकारको सुनिश्चितताका लागि गाउँपालिकाभरि **"खोज र खोप" अभियान** सञ्चालन गरिनेछ । विकट क्षेत्रमा खोपको प्रभावकारिता र गुणस्तर कायम राख्न स्वास्थ्य संस्थाहरूमा **कोल्ड चेन सब-सेन्टर (Cold Chain Sub-Center)** स्थापना र मौजुदा केन्द्रहरूको सुदृढीकरणका लागि बजेट विनियोजन गरेको छु ।

६७. आफ्नो जीवनको लामो समय समाजका लागि योगदान दिने आदरणीय जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यक समुदायको आत्मसम्मान र स्वास्थ्य सुरक्षाका लागि **"अध्यक्ष जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम"** लाई थप व्यवस्थित र जनमुखी बनाई घरदैलोमै सहज र निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउने सुनिश्चितता बजेट मार्फत गरेको छु ।

६८.आयुर्वेद तथा स्वास्थ्य सेवा क्षेत्रका लागि रू. २ करोड ४७  लाख २४ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**खानेपानी स्वच्छता तथा सरसफाई**

६९. गाउँपालिकाले विगतदेखि सञ्चालन गर्दै आएको "एक घर, एक धारा" अभियान र मर्मत सम्भार कार्यक्रमलाई थप आधुनिक र सुदृढ बनाउन आगामी आर्थिक वर्षदेखि प्रमुख खानेपानी आयोजनाहरूमा **"डिजिटल महसुल संकलन"** प्रणाली लागू गरिनेछ । आम नागरिकलाई सुरक्षित र स्वच्छ खानेपानीको प्रत्याभूति दिलाउन मुहानदेखि धारासम्मको पानीको शुद्धता निरन्तर मापन गर्ने स्वचालित सेन्सर प्रविधि जडान गरी गाउँपालिकामा **"डिजिटल वाटर क्वालिटी ड्यासबोर्ड" (Digital Water Quality Dashboard)** को सुरुवात गरिनेछ।

यस प्रविधिमैत्री खानेपानी व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७०. स्रोतमा फोहोर वर्गीकरण गर्ने अघिल्लो वर्षको नीतिको जगमा टेकी फोहोरलाई सम्पत्तिमा बदल्न **"फोहोरबाट मोहर"** अभियान सञ्चालन गरिनेछ । यस अन्तर्गत घरधुरी स्तरमा जैविक फोहोरबाट कम्पोस्ट मल बनाउने कार्यलाई अनिवार्य र प्रोत्साहित गरिनेछ। गाउँपालिकालाई प्लास्टिक प्रदूषणमुक्त बनाउन भण्डारण भएका प्लास्टिकजन्य फोहोरलाई आधुनिक मेसिनद्वारा प्रशोधन गरी सडक कालोपत्रे (Plastic Roads) वा अन्य निर्माण सामग्रीमा पुनः प्रयोग **(Recycle and Reuse)** गर्ने नवीनतम प्रविधि र संयन्त्र विकासका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

७१. दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न र गाउँपालिकाको पानी सुरक्षा योजना (Water Safety Plan) लाई व्यवहारमा उतार्न सुक्दै गएका पानीका मुहानहरूलाई पुनर्जीवित गरिनेछ । यसका लागि व्यापक रूपमा **"रिचार्ज पोखरी" (Recharge Pond)** निर्माण र व्यापक **वृक्षारोपण** कार्यलाई अभियानकै रूपमा अघि बढाउन बजेट छुट्याएको छु । साथै, आगामी वर्ष सार्वजनिक स्थल, पर्यटकीय क्षेत्र र सामुदायिक विद्यालयहरूमा जलवायु अनुकूलित तथा अपाङ्गतामैत्री (Accessible) पूर्ण सरसफाइयुक्त स्मार्ट शौचालय तथा संरचनाहरू निर्माण गर्न थप बजेटको व्यवस्था गरेको छु ।

७२. **खानेपानी स्वच्छता तथा सरसफाई** क्षेत्रका लागि रु. ३८ लाख २५ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**भाषा, संस्कृति तथा सम्पदा संरक्षण**

७३.गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक र पुरातात्विक सम्पदाहरूको संरक्षणका लागि 'डिजिटल प्रोफाइल' तयार गरिनेछ । क्षेत्तेली, मल्देशी र सौका समुदायका

लोपोन्मुख भाषा, लोकगीत, भेषभूषा र परम्परागत सीपलाई अडियो-भिजुअल माध्यमबाट अभिलेखीकरण गरी आगामी पुस्ताका लागि **"डिजिटल सांस्कृतिक संग्रहालय" (Digital Cultural Archive)** को रूपमा विकास गर्न बजेटको व्यवस्था गरेको छु ।

७४. **"मौलिकता हाम्रो शान: संस्कृति परम्परा हाम्रो पहिचान"** अभियान अन्तर्गत स्थानीय जात्रा, मेला र मन्दिर क्षेत्रहरूलाई सांस्कृतिक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । स्थानीय रैथाने कलालाई रोजगारीसँग जोड्न **"लक्षित समुदाय सीप प्रवर्द्धन कार्यक्रम"** मार्फत स्थानीय हस्तकला र भेषभूषाको उत्पादन तथा बजारीकरणका लागि रकम विनियोजन गरेको छु । भाषा, संस्कृति तथा सम्पदा संरक्षणका लागि रु. १ करोड ३९ लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**<u>महिला वालवालिका तथा समाजकल्याण</u>**

७५. हाम्रो गाउँपालिकालाई **"बालमैत्री गाउँपालिका"** घोषणा गर्ने लक्ष्यका साथ बाल अधिकारको संरक्षण, बालश्रमको अन्त्य र साइबर अपराध विरुद्धका कार्यक्रमहरू सञ्चालन गरिनेछ । बालविवाहलाई पूर्णतया निस्तेज पार्न संलग्न व्यक्तिहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउँदै विशेष अभियान सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

७६. महिलाहरूको आर्थिक सवलीकरणका लागि **"महिलासँग उपाध्यक्ष कार्यक्रम"** लाई निरन्तरता दिँदै व्यावसायिक सीप विकास र उद्यमशीलताका कार्यक्रमहरू सञ्चालन गरिनेछ । विपन्न तथा असहाय एकल महिलाहरूलाई योग्यताको आधारमा रोजगारी र स्वरोजगारमूलक कार्यक्रममा प्राथमिकता दिइनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७७. समाजमा व्याप्त जातीय विभेद, घरेलु हिंसा, मानव बेचबिखन र लैङ्गिक हिंसा विरुद्ध कडा कानुनी नीति नियम कार्यान्वयन गर्दै गाउँपालिकालाई **"लैङ्गिक हिंसामुक्त र**

**न्यायपूर्ण समाज"** को रूपमा विकास गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

७८. **"ज्येष्ठ नागरिकसँग अध्यक्ष"** कार्यक्रम मार्फत अग्रजहरूको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने संयन्त्र बनाइनेछ । जेष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य उपचार र विशेष सुरक्षा सहितका सम्मानका कार्यक्रमहरूलाई निरन्तरता दिएको छु । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७९. दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायको उत्थानका लागि आयआर्जन, सीप विकास र रोजगारीका विशेष योजनाहरू कार्यान्वयन गरिनेछ। दलित समुदायको पुख्र्यौली पेशा, कला र सीपको संरक्षण गर्दै त्यसलाई व्यवसायीकरण र आधुनिकीकरण गर्न विशेष **"आयआर्जन कार्यक्रम"** प्रस्ताव गरेको छु ।

८०. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र परिचयपत्र वितरणलाई व्यवस्थित बनाउँदै उनीहरूको शिक्षा, स्वास्थ्य, मनोरञ्जन र रोजगारीका लागि विशेष प्याकेज ल्याइनेछ। आफ्नै हेरचाह गर्न नसक्ने पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको दीर्घकालीन संरक्षणका लागि प्रदेश र संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८१. सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी, सुरक्षित र झन्झटमुक्त बनाउन **"बायोमेट्रिक प्रमाणीकरण" (Biometric Verification)** प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ । यसका लागि आधुनिक Biometric Scanner Device को माध्यमबाट लाभग्राहीको पहिचान सुनिश्चित गरी उक्त प्रणालीलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (MIS) सँग पूर्ण रूपमा आबद्ध गर्न आवश्यक बजेट छुट्याएको छु ।

८२. व्यक्तिगत घटनाहरू (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइ) ३५ दिनभित्र दर्ता सुनिश्चित गर्न गाउँपालिकाका सबै वडाका टोल र बस्तीस्तरमा **"एकीकृत दर्ता**

**शिविर"** सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा भत्तालाई वडा कार्यालयको पायक पर्ने स्थानबाट वितरण गर्ने व्यवस्था मिलाउनुका साथै अति अशक्त र अशक्त लाभग्राहीहरूका लागि संरक्षकको माध्यमबाट बैंक खाता सञ्चालन र **"घरदैलो बैंकिङ सेवा"** का लागि बैंकहरूसँग साझेदारी गरिनेछ।

८३. महिला बालबालिका तथा समाज कल्याणका लागि रू. ३७ लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**भौतिक पूर्वाधार विकास निर्माण**

८४. दिगो विकास लक्ष्यको आन्तरिकीकरण तथा स्थानीयकरण, क्षेत्रगत रणनीतिहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय मञ्चहरूमा गरिएको प्रतिवद्धता अन्तरनिकाय समन्वय र सह-लगानीमा कार्यान्वयन हुने आयोजनालाई विशेष प्राथमिकता दिइनेछ ।

८५. गाउँपालिकाको केन्द्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्न संघ तथा प्रदेश सरकारसँगको समपूरक र विशेष अनुदान साझेदारीमा सार्थक पहल गरी यसै आर्थिक वर्षभित्र **पालिका केन्द्रसम्मको सडक पहुँचलाई स्तरोन्नति र बाह्रै महिना चल्ने** सुनिश्चित गरिनेछ । सबै वडा कार्यालयहरूलाई पालिका केन्द्रसँग जोड्ने सडक सञ्जाल विस्तार कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

८६. दिगो विकास लक्ष्य (SDGs) को आन्तरिकीकरण गर्दै हरित पूर्वाधारको अवधारणा अनुरूप अबदेखि सडक तथा भौतिक पूर्वाधार निर्माण पूर्व विस्तृत इन्जिनियरिङ अध्ययन **(DPR)** र प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन **(IEE/EIA)** लाई अनिवार्य गरिएको छ । आयोजना छनौट र कार्यान्वयन गर्दा निर्धारित समय, लागत र गुणस्तर (Time, Cost and Quality) लाई उच्च प्राथमिकता दिई **"आयोजना बैंक" (Project Bank)** स्थापना गरिनेछ ।

८७. सुरक्षित र भूकम्प प्रतिरोधी सहरीकरणलाई प्रवर्द्धन गर्न गाउँपालिकाभित्र निर्माण हुने सार्वजनिक तथा निजी भवनहरूमा **राष्ट्रिय भवन संहिता (NBC)** र भवन निर्माण

आचारसंहिता लागू गरिनेछ । निर्माण पूर्व अनिवार्य नक्सा पास र निर्माण सम्पन्न भएपछि मात्र **"भवन निर्माण सम्पन्न प्रमाणपत्र"** दिने डिजिटल अभिलेखीकरण प्रणालीका लागि बजेटको व्यवस्था मिलाएको छु ।

८८. कृषि उत्पादन वृद्धि गर्न परम्परागत कुलो, नहर र पोखरीको मर्मत सम्भार गर्नुका साथै लिफ्ट तथा सौर्य ऊर्जामा आधारित **"प्रविधिमुखी साना सिँचाइ आयोजना"** कार्यान्वयनका लागि बजेट विनियोजन गरेको छु ।

८९. गाउँपालिकाका सम्पूर्ण घरधुरीमा विद्युतको पहुँच पुऱ्याउन नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा **राष्ट्रिय विद्युत प्रसारण लाइन विस्तार** कार्यलाई तीव्रता दिइनेछ । साथै, राष्ट्रिय लाइन नपुगेका दुर्गम क्षेत्रमा सञ्चालनमा रहेका लघु जलविद्युत आयोजनाहरूलाई प्राविधिक रूपमा सबल, व्यवस्थित र नियमन गर्न आवश्यक बजेट छुट्याएको छु ।

९०. भौगोलिक सन्तुलन र सामाजिक समावेशिताका आधारमा मात्र पूर्वाधारको बजेट बाँडफाँड गर्ने नीति लिइनेछ । गाउँपालिकाको **भू-उपयोग योजना (Land Use Plan)** र जग्गा वर्गीकरणलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याई कृषि योग्य जमिनको संरक्षण गरिनेछ । उपलब्ध भूमिको वैज्ञानिक र व्यवस्थित प्रयोग मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न भूमिसम्बन्धी डिजिटल लगत प्रणाली स्थापना गरिनेछ । भूमि प्रशासन सेवा पालिकाबाटै प्रवाह हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

९१. भौतिक पूर्वाधार विकासका लागि रू. ६ करोड १४ लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**वन वातावरण तथा विपद व्यवस्थापन**

९२. सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सक्रिय सहभागिता र साझेदारीमा संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई विस्तार गरी वन पैदावारको उत्पादन वृद्धि गरिनेछ । गाउँपालिकाभित्रका खाली र ऐलानी जग्गाहरूमा व्यावसायिक वृक्षारोपण तथा बहुमूल्य जडीबुटी खेतीलाई प्रोत्साहन गर्दै वन क्षेत्रलाई हरित रोजगारी सिर्जना

र पालिकाको आन्तरिक राजस्व वृद्धिको प्रमुख आधार बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

९३. **"विपद् उत्थानशील हाम्रा गाउँ, सुरक्षित बनाउँछौ आफ्नो ठाउँ"** भन्ने मूल संकल्पका साथ विकास निर्माणका हरेक क्षेत्र र योजनाहरूमा विपद् जोखिम न्यूनीकरण (DRR) को अवधारणालाई अनिवार्य रूपमा आन्तरिकीकरण गरिनेछ। गाउँपालिकाको स्वीकृत 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना' लाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ।

९४. बाढी, पहिरो, आगलागी र भूकम्प जस्ता प्राकृतिक विपद्को समयमा तत्काल खोज, राहत र उद्धार कार्यका लागि सुरक्षा निकाय, रेडक्रस र स्थानीय खोज तथा उद्धार टोली (LDCRT) को क्षमता अभिवृद्धि गरी आवश्यक उद्धार सामग्री सहित परिचालन गरिनेछ। विपद् पीडितहरूलाई तत्काल आर्थिक सहायता र राहत पुऱ्याउन **"प्रकोप व्यवस्थापन कोष"** को आकार वृद्धि गरी वितरण प्रणालीलाई थप पारदर्शी र व्यवस्थित बनाएको छु।

९५. गाउँपालिकास्तरीय जोखिम नक्साङ्कन (Hazard Mapping) का आधारमा बाढी, पहिरो र नदी कटानको उच्च जोखिममा रहेका क्षेत्रहरूको पहिचान गरी तटबन्ध निर्माण तथा पहिरो नियन्त्रणका ठूला आयोजनाहरू संघ र प्रदेश सरकारसँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्था गरेको छु।

९६. प्राकृतिक विपद्का कारण साविकको थातथलोबाट विस्थापित भएका परिवारहरूको सुरक्षित पुनर्स्थापनाका लागि सुरक्षित स्थानमा बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ।

९७. वन वातावरण तथा विपद व्यवस्थापनका लागि रू. ६९ लाख १५ हजार विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

**वडागत योजना तथा कार्यक्रम**

९८. वडागत आयोजना तथा कार्यक्रममा वडाबाट नै कार्यान्वयन हुने व्यवस्था मिलाएको छ। ६ वटै वडाको वडागत योजना तथा कार्यक्रम संचालनका लागि रू. ३ करोड ५२ लाख ७९ हजार बजेट विनियोजन गरेको छ।

**सभाध्यक्ष महोदय,**

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

९९.गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, छरितो र प्रविधिमैत्री बनाउन **विद्युतीय शासन (E-Governance)** लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। सूचना तथा तथ्याङ्कको दीगो सुरक्षाका लागि गाउँपालिकामा **"विद्युतीय अभिलेख केन्द्र" (Data Center)** संचालनका लागि बजेट व्यवस्था गरेको छ।

१००. उपभोक्ता समितिहरूबाट हुने निर्माण कार्यको गुणस्तर र जवाफदेहिता सुनिश्चित गर्न **रु. १० लाखभन्दा माथिका निर्माण कार्यमा उपभोक्ता समितिको परिचालनलाई निरुत्साहित गरिनेछ**। सार्वजनिक खरिद सञ्चालनलाई पारदर्शी र प्रतिस्पर्धी बनाउन रु. १० लाखभन्दा बढी लागत अनुमान भएका सबै खरिद कार्यलाई औचित्य तथा आवश्यकताको आधारमा **विद्युतीय खरिद प्रणाली (e-GP)** मार्फत मात्र सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।

१०१. स-साना आयोजनाहरूमा बजेट छरेर उपलब्धिहीन खर्च गर्ने प्रवृत्तिको सट्टा दीर्घकालीन लाभ दिने **"रूपान्तरणकारी आयोजना"** मा पूँजीगत खर्च केन्द्रित गरिनेछ। आयोजनाहरूको पारदर्शिताका लागि तेस्रो पक्ष अनुगमन, नियमित सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण (Social Audit) लाई अनिवार्य गरिएको छ।

१०२. गाउँपालिकाको विकास र सेवा प्रवाहका मुख्य संवाहक रहेका कर्मचारीहरूको कार्यसम्पादनस्तर चुस्त राख्न **नेपाल सरकारले राष्ट्रसेवक कर्मचारीहरूका लागि गरेको १० प्रतिशत तलब वृद्धि र कार्यसम्पादनमा आधारित थप १० प्रतिशत प्रोत्साहन दिने गरी भएको नयाँ तलबमानलाई यस गाउँपालिकामा**

**कार्यरत कर्मचारीहरूका लागि समेत लागू गरिने छ ।** यसका साथै, यस गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु । यो संगै कार्यसम्पादनका आधारमा उत्कृष्ट कर्मचारी पुरस्कार, क्षमता अभिवृद्धि तालिम, स्वास्थ्य तथा सामूहिक दुर्घटना बीमा सहितको **"कर्मचारी कल्याण कोष"** स्थापना गरेको छु । अतिरिक्त समय खटिने कर्मचारीहरूका लागि नियमानुसार प्रोत्साहन भत्ताको व्यवस्था गरी कार्यवातावरणलाई सुरक्षित र उत्प्रेरणादायी बनाइनेछ । गत आर्थिक बर्ष देखि प्राविधिक कर्मचारीहरुलाई प्रदान गर्दै आएको फिल्ड भत्तालाई थप व्यवस्थित गर्दै निरन्तरता दिइएको छ ।

१०३. कर्मचारी तथा जनप्रतिनिधिहरूमा सकारात्मक सोच र व्यावसायिक नैतिकता विकास गर्न योग तथा ध्यान जस्ता व्यावहारिक अभ्यासलाई प्रोत्साहन गरिनेछ । साथै, गाउँपालिकामा कार्यरत करारका कर्मचारीहरूलाई सामाजिक सुरक्षाको ग्यारेन्टी गर्न **योगदानमा आधारित सामाजिक सुरक्षा कोष (SSF)** मा आबद्ध गर्ने प्रबन्ध मिलाएको छु ।

१०४. गाउँपालिकाको वित्तीय आत्मनिर्भरताका लागि आन्तरिक राजस्वको दायरा फराकिलो बनाइनेछ । मालपोत, घरबहाल कर, एकीकृत सम्पत्ति कर एवं प्राकृतिक स्रोत कर संकलनलाई पूर्ण रूपमा डिजिटल र पारदर्शी बनाइनेछ । सामुदायिक वनबाट प्राप्त हुने काठ, दाउरा बिक्री बापतको कर अनिवार्य रूपमा गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला हुने व्यवस्था मिलाउँदै राजस्व व्यवस्थापनमा संरचनागत सुधार गरिनेछ ।

१०५. स्थानीय स्तरका विवादहरू स्थानीय स्तरमै निरूपण गर्न न्यायिक समितिको संस्थागत विकास गरिनेछ । सबै वडा तहसम्मका **"मेलमिलाप केन्द्र"** हरूलाई साधनस्रोत सम्पन्न बनाउन र छिटोछरितो न्याय निरूपणका लागि न्यायिक सहजकर्ताहरूको क्षमता विकास गर्न बजेट छुट्याएको छु ।

१०६. नागरिकका गुनासाहरू तत्काल सम्बोधन गर्न **"सेवाग्राहीसँग गाउँपालिका"** कार्यक्रम र टोल फ्री (Toll Free) हटलाइन सेवालाई प्रभावकारी बनाइनेछ । भ्रष्टाचार र वित्तीय अनियमितता नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकको कार्यालयका सुझावहरूलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१०७. मुख्य बजार क्षेत्र तथा रणनीतिक चोकहरूमा सिसिटिभि**(CCTV) क्यामेरा** जडान गरी शान्ति सुरक्षालाई थप मजवुत बनाइनेछ । लागूऔषध दुर्व्यसनी र जुवातास विरुद्ध सामुदायिक सचेतना अभियान चलाइनेछ । साथै, जिल्ला र गाउँपालिकाबाट प्रवाह हुने विभिन्न प्रशासनिक सेवाहरूलाई जनताको घरदैलोमै पुऱ्याउन **"एकीकृत घुम्ती शिविर"** कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु । यस क्षेत्रका लागि जम्मा रु १३ करोड १२ लाख १७ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**अव म माथि उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

१०८. आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले कूल रू. ४४ करोड ३५ लाख ४२ हजार विनियोजन गरेको छु । जसमध्ये पूँजीगत खर्च रू. १८ करोड ६९ लाख ५९ हजार ६ सय अर्थात ४२.१५ प्रतिशत र चालु खर्च रू. २५ करोड ६५ लाख ८२ हजार ४ सय अर्थात ५७.८५ प्रतिशत रहेकोछ । आगामी आर्थिक वर्ष २०८३/०८४ को विनियोजनको अनुमान चालु आर्थिक वर्ष २०८२/०८३ को भन्दा ९.४३ प्रतिशले बढोत्तरी भएको छ ।

१०९. आर्थिक वर्ष २०८३/०८४ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व परिचालनबाट रू. २४  लाख २४ हजार, नेपाल सरकारबाट राजस्व बाँडफाँड भई प्राप्त हुने अनुमानित रकम रू. ११  करोड २६ लाख ४९

हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू. ९ करोड २२ लाख, संघीय सशर्त अनुदान रू. ११ करोड ४४ लाख, संघीय विशेष अनुदान रू. ८३ लाख, संघीय समपूरक अनुदान रू. २ करोड ५२ लाख, सुदूरपश्चिम प्रदेश सरकारबाट राजस्व बाँडफाँड भई प्राप्त हुने अनुमानित रकम रू. २५ लाख ३६ हजार, सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू. ७४ लाख २० हजार, प्रदेश सशर्त अनुदान रू. ५ करोड २५ लाख, प्रदेश विशेष अनुदान ५६ लाख, प्रदेश समपूरक अनुदान ९३ लाख २३ हजार र बाँकी स्रोत बैंक मौज्दातबाट प्राप्त हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

११०. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान र आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय र व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु । मध्यमकालिन खर्च संरचना र वडा, विषयगत शाखाको चालु आर्थिक वर्षको प्रगति विवरण यसै साथ प्रस्तुत गरिएकोछ ।

१११. आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट गाउँपालिकामा उत्पादन र उत्पादकत्व अभिवृद्धि, भौतिक पूर्वाधार विकास, उच्च र समन्यायिक आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी, बेरोजगारी, आर्थिक असमानता तथा समाजिक विभेद र वञ्चितिकरणको न्यूनीकरण, सामाजिक न्याय, मानव पूँजी निर्माण, मानव विकास, विधिको शासन, प्रभावकारी सेवा प्रवाह, संघीयता कार्यावन्यन र सुशासन प्राप्तिका लागि बलियो आधार निर्माण गरी आत्मनिर्भर, स्वचालित र समृद्ध अर्थतन्त्रको विकास हुने विश्वास लिएको छु।

११२. बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नु हुने गाउँपालिकाका अध्यक्ष, विषयगत समितिका संयोजक, जनप्रतिनिधि प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मैले यस गरिमामय सभामा पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी सुझाव प्रदान गर्नु भएकोमा सभाका सदस्यज्यूहरु प्रति आभार व्यक्त गर्दछु ।

११३. बजेट तर्जुमा प्रक्रियामा आ-आफ्नो तर्फबाट रचानात्मक सुझाव दिनुहुने राजनीति दल, संघीय तथा प्रदेश सभाका सदस्यज्यू, निजी क्षेत्र तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघ-संस्था, संचार जगत र देश विदेशमा रहनु भएका गाउँपालिकावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

११४. आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा सुशासन र सामाजिक न्यायको प्रत्याभूत गर्दै समुन्नत अपिहिमाल निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

११५. अन्तमा, गाउँपालिकामा विद्यमान गरिबी तथा बेरोजगारी, श्रम पलायन, सामाजिक विभेद, वञ्चितिकरण तथा बहिष्करण जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्र, सार्वजनिक वित्त व्यवस्थापन र आयोजना व्यवस्थापन, समस्या तथा चुनौतीको सम्बोधन गर्दै "**सुन्दर, समृद्ध र विकसित अपिहिमाल**" निर्माणको दीर्घकालिन सोचलाई हासिल गर्न बलियो आधार निर्माण गर्ने गरी तर्जुमा गरिएको प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सम्बद्ध सबैको अर्थपूर्ण सहभागिता एवम् सहयोगका लागि सबै सरोकारवाला पक्षलाई हार्दिक अनुरोध गर्दछु ।

*धन्यवाद !*

**अनुसूची-१**

**आर्थिक वर्ष २०८३/०८४ आय र व्यको अनुमान**

| | | | | रू. हजारमा |
|---|---|---|---|---|
| **क्र.सं.** | **बजेटका स्रोतहरु** | **२०८१-८२ को यथार्थ** | **२०८२-८३ को संशोधित** | **२०८३-८४ को अनुमान** |
| **क** | **आय** | ३२५१४१ | ४००३४० | ४४३५४२ |
| १ | **आन्तरिक आय** | २२५६ | २३२८ | २४२४ |
| २ | **राजस्व  बाँडफाँडबाट प्राप्त आय** | ७३५४० | १०४४९४ | ११५१८५ |
| | संघीय सरकार | ७१४९९ | १०२२०० | ११२६३९ |
| | प्रदेश सरकार | २०४१ | २२९४ | २५३६ |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | २०४९८६ | २४९६०० | २४०१०० |
| | वित्तीय समानीकरण अनुदान | ७३२०० | ९०६०० | ९२२०० |
| | सशर्त अनुदान | ११०१११ | १०८५०० | ११४४०० |
| | विशेष अनुदान | १५००० | ३६५०० | ८३०० |
| | समपूरक अनुदान | ६६७५ | १४००० | २५२०० |
| ५ | **सुदुरपश्चिम प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ३१३८६ | ३७९१८ | ७४८४३ |
| | वित्तीय समानीकरण अनुदान | ५९५६ | ७२१८ | ७४२० |
| | सशर्त अनुदान | १५५८० | १५५०० | ५२५०० |
| | विशेष अनुदान | ७००० | ८५०० | ५६०० |
| | समपूरक अनुदान | २८५० | ६७०० | ९३२३ |

| | | | | |
|---|---|---|---|---|
| **६** | **नगद मौज्दात** | १२९७३ | ६००० | ११००० |
| ख | **व्यय** | ३१८४६७ | ४००३४० | ४४३५४२ |
| १ | चालु खर्च | २२४४७२ | २५१४४५ | २५८७१९.४ |
| २ | पूँजीगत खर्च | ९३९९५ | १४८८९५ | १८४८२२.६ |
| संघीय अनुदान तर्फ | | १९८३११ | २४९६०० | २४०१०० |
| १ | वित्तीय समानिकरण | ७३२०० | ९०६०० | ९२२०० |
| २ | सशर्त अनुदान | ११०१११ | १०८५०० | ११४४०० |
| ३ | विशेष अनुदान | १५००० | ३६५०० | ८३०० |
| ४ | समपुरक अनुदान | ० | १४००० | २५२०० |
| प्रदेश अनुदान तर्फ | | ३१३८६ | ३७९१८ | ७४८४३ |
| १ | वित्तीय समानिकरण | ५९५६ | ७२१८ | ७४२० |
| २ | सशर्त अनुदान | १५५८० | १५५०० | ५२५०० |
| ३ | विशेष अनुदान | ७००० | ८५०० | ५६०० |
| ४ | समपुरक अनुदान | २८५० | ६७०० | ९३२३ |
| राजस्व बाडफाँड | | ८८७७० | ११२८२२ | १२८५९९ |
| १ | संघीय सरकार | ७१५०० | १०२२०० | ११२६३९ |
| २ | प्रदेश सरकार | २०४१ | २२९४ | २५३६ |
| ४ | आन्तरिक (अ.ल्या र राजस्व सहित) | १५२२९ | ८३२८ | १३४२४ |

**अनुसूची-२**

**आर्थिक वर्ष २०८३/०८४ को विषयगत आखा, वडा कार्यालयका लागि निर्धारण गरिएको बजेट सीमा (सशर्त अनुदान बाहेक) शीर्षकगत व्ययको अनुमान**

| क्र.सं. | शीर्षकको नाम | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालयको चालु खर्च | १ | ११०१३५००० | ११०१३५००० |
| २ | संघीय समपूरक आयोजनासँगको साझेदारी | १ | ५०४०००० | ५०४०००० |
| ३ | प्रदेश समपूरकका आयोजनासँगको साझेदारी | १ | १८६४६०० | १८६४६०० |
| ४ | LACC प्रोजेक्टसँगको साझेदारी | १ | ६०००००० | ६०००००० |
| ५ | STP प्रोजेक्टसँगको साझेदारी | १ | ६०००००० | ६०००००० |
| ६ | अन्य साझेदारी | १ | ५०००००० | ५०००००० |
| ७ | शिक्षा यूवा तथा खेलकूद शाखा | १ | २३०००००० | २३०००००० |
| ८ | स्वास्थ्य शाखा | १ | २२००००० | २२००००० |
| ९ | पूर्वाधार विकास शाखा | १ | १०००००० | १०००००० |
| १० | विपद् व्यवस्थापन शाखा | १ | २०००००० | २०००००० |
| ११ | सूचना प्रविधि शाखा | १ | ५००००० | ५००००० |
| १३ | कृषि विकास शाखा | १ | ३००००० | ३००००० |
| १४ | पशु सेवा इकाई | १ | ३००००० | ३००००० |
| १५ | महिला तथा बालबालिका समाज कल्याण इकाई | १ | २८००००० | २८००००० |
| १६ | गरिबी निवारणका लागि लघु उद्यमम तथा उद्योग विकास इकाई | १ | १०००००० | १०००००० |
| १७ | वन वातावरण तथा भूमि सेवा इकाई | १ | ५००००० | ५००००० |
| १८ | न्यायीक समितिको सचिवालय | १ | ३००००० | ३००००० |
| २० | पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम | १ | १०००००० | १०००००० |
| २१ | सहकारी तथा वित्तीय क्षेत्र व्यवस्थापन | १ | २५०००० | २५०००० |
| २२ | अध्यक्ष स्वरोजगार कार्यक्रम | १ | ३०००००० | ३०००००० |
| २३ | शान्ति सुरक्षा व्यवस्थापन | १ | १००००० | १००००० |
| २४ | राजस्व सुधार कार्यक्रम | १ | १५०००० | १५०००० |
| २५ | भाषा संस्कृति प्रवर्द्धन कार्यक्रम | १ | ५००००० | ५००००० |
| २६ | जात्रा व्यवस्थापन | १ | ५००००० | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| २७ | नं. १ वडा | १ | ४१२०००० | ४१२०००० |
| २८ | नं. २ वडा | १ | ४५०५००० | ४५०५००० |
| २९ | नं. ३ वडा | १ | ७८५०००० | ७८५०००० |
| ३० | नं. ४ वडा | १ | ७२९९४०० | ७२९९४०० |
| ३१ | नं. ५ वडा | १ | ४६३५००० | ४६३५००० |
| ३२ | नं. ६ वडा | १ | ६८८०००० | ६८८०००० |
| ३३ | शाखा सडक निर्माण तथा विस्तार | १ | १०००००० | १०००००० |
| ३९ | सडक मर्मत तथा सरसफाई | १ | १५००००० | १५००००० |
| ४० | अपि बेसक्याम्प मैदान निर्माण | १ | ५००००० | ५००००० |
| ४१ | कसैति मस्टा माणौ मन्दिर निर्माण | १ | १५००००० | १५००००० |
| ४२ | खत्तोली देउघर निर्माण वडा नं. ४ | १ | ४००००० | ४००००० |
| ४३ | चौविसन सामुदायिक भवन निर्माण | १ | ८००००० | ८००००० |
| ४४ | तामाखानी भवानी मन्दिर निर्माण | १ | १०००००० | १०००००० |
| ४५ | घुसा स्वास्थ्य चौकी निर्माण वडा नं. २ | १ | २०००००० | २०००००० |
| ४६ | थुम्ती सामुदायिक भवन निर्माण | १ | १०००००० | १०००००० |
| ४७ | पुँजीगत दायित्व खर्च | १ | ८०००००० | ८०००००० |
| ४८ | सभ्भाड देखि भुकावन सम्म पर्यटकीय पदमार्ग | १ | ८००००० | ८००००० |
| ४९ | अपिहिमाल गाउँपालिका भरीका महिलाहरुको लागि प्रविधि हस्तान्तरण | १ | ७००००० | ७००००० |
| ५० | व्यवसायिक महिलाहरुलाई बिउँ पूँजी स्थापना कार्यक्रम | १ | ३००००० | ३००००० |
| **कूल जम्मा व्यय** | | | | २२८२२९००० |
| **कूल आय** | | | | २२८२२९००० |

# अनुसूची-३

## आर्थिक वर्ष २०८३/०८४ आय प्राप्तिको अनुमान

**रु.हजारमा**

| शीर्षक | २०८१/०८२ को यथार्थ | २०८२/०८३ को संशोधित अनुमान | २०८३/०८४ को लक्ष्य | वर्तमान स्रोत | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| राजस्व बाँडफाँडबाट प्राप्त राजस्व | ७३५४०।०० | १०४४९४।०० | ११५१७५।०० | | |
| संघीय सरकार | ७१४९९।०० | १०२२००।०० | ११२६३९।०० | संघीय सरकार | |
| प्रदेश सरकार | २०४१।०० | २२९४।०० | २५३६।०० | प्रदेश सरकार | |
| आन्तरिक | २२५६।०० | २३२८।०० | २४२४।०० | | |
| सम्पत्ति कर | १०२।०० | ११०।०० | १२०।०० | आन्तरिक | |
| भूमिकर/मालपोत कर | २०१।०० | २१०।०० | २१५।०० | आन्तरिक | |
| वहाल कर | ६०२।० | ५५०।०० | ६००।०० | आन्तरिक | |
| व्यवसायले भुक्तानी गर्ने | २६२।०० | २५।०० | ३०।०० | आन्तरिक | |
| कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३८।०० | ४५।०० | ५०।०० | आन्तरिक | |
| अन्य कर | २२१।०० | २६०।०० | २७०।०० | आन्तरिक | |
| अन्य बिक्रिबाट प्राप्त रकम | ००९।०० | ०।०० | ०।०० | आन्तरिक | |
| पर्यटन शुल्क | १३।०० | २०।०० | ३०।०० | आन्तरिक | |
| न्यायिक दस्तुर | ०।०० | १.५।०० | १.५।०० | आन्तरिक | |
| परीक्षा शुल्क | २.३।०० | २.५।०० | २.५।०० | आन्तरिक | |
| अन्य प्रशासनिक शुल्क | १६७।०० | १८०।०० | २००।०० | आन्तरिक | |
| सिफारिस दस्तुर | २९३।०० | ३१०।०० | ३२०।०० | आन्तरिक | |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ११७।०० | १२५।०० | १३०।०० | आन्तरिक | |

| | | | | |
|---|---|---|---|---|
| नाता प्रमाणित दस्तुर | २०।०० | २५।०० | ३०।०० | आन्तरिक |
| अन्य दस्तुर | ७२।०० | ८०।०० | ९०।०० | आन्तरिक |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | १६।०० | १८।०० | २०।०० | आन्तरिक |
| व्यवसाय कर | १०३।०० | ११०।०० | ११५।०० | आन्तरिक |
| बेरूजु | १६९।०० | १९०।०० | २००।०० | आन्तरिक |
| संघीय सरकारबाट हस्तान्तरित वित्तीय हस्तान्तरण | २०४९८६ | २४९६०० | २४३२०० | |
| वित्तीय समानीकरण अनुदान | ७३२०० | ९०६०० | ९२२०० | संघीय सरकार |
| सशर्त अनुदान | ११०१११ | १०८५०० | ११४४०० | संघीय सरकार |
| विशेष अनुदान | १५००० | ३६५०० | ८३०० | संघीय सरकार |
| समपूरक अनुदान | ६६७५ | १४००० | २५२०० | संघीय सरकार |
| प्रदेश सरकार वित्तीय हस्तान्तरण | ३१३८६ | ३७९१८ | ७४८४३ | |
| वित्तीय समानीकरण अनुदान | ५९५६ | ७२१८ | ७४२० | प्रदेश सरकार |
| सशर्त अनुदान | १५५८० | १५५०० | ५२५०० | प्रदेश सरकार |
| विशेष अनुदान | ७००० | ८५०० | ५६०० | प्रदेश सरकार |
| समपूरक अनुदान | २८५० | ६७०० | ९३२३ | प्रदेश सरकार |
| बैंक मौज्दात | १२९७३ | ६००० | ११००० | आन्तरिक |
| **कूल आय** | ३२५१४१ | ४००३४० | ४४३५४२ | |

अनुसूची-४

| आर्थिक वर्ष २०८३/०८४ को लैङ्गिक उत्तरदायी बजेट अनुसारको व्यय अनुमान | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | शाखा/उपशाखा/इकाई/वडा कार्यालय | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
| १ | शिक्षा यूवा तथा खेलकूद शाखा | ० | १८४०००० | २११६०००० | **२३००००००** |
| २ | स्वास्थ्य शाखा आयुर्वेद औषधालय | ३८०००० | १२०००० | १७००००० | **२२०००००** |
| ३ | कृषि विकास शाखा | ० | २००००० | १००००० | **३०००००** |
| ४ | पशु सेवा इकाई | ० | ३००००० | ० | **३०००००** |
| ५ | योजना/पूर्वाधार विकास शाखा | ० | ५००००० | ५००००० | **१००००००** |
| ६ | सूचना प्रविधि शाखा | ० | ० | ५००००० | **५०००००** |
| ७ | महिला बालबालिका तथा समाज कल्याण इकाई | २५००००० | ३००००० | ० | **२८०००००** |
| ८ | विपद व्यवस्थापन | ० | १८००००० | २००००० | **२००००००** |
| ११ | उद्योग विकास शाखा | ० | ० | १००००००| **१००००००** |
| १४ | वन वातावरण तथा भूमि सेवा इकाई | ० | १७०००० | ३३०००० | **५०००००** |
| १५ | न्यायीक समितिको सचिवालय | ० | १००००० | २००००० | **३०००००** |
| १६ | संघीय विशेष तर्फ | ० | ० | ८३००००० | **८३०००००** |
| १७ | संघीय सशर्त अनुदान | ० | ० | ११४०००००० | **११४००००००** |
| १७ | संघीय समपूरक | ० | ० | २५२००००० | **२५२०००००** |
| १८ | गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम | ० | ० | ४६४०४०० | **४६४०४००** |
| १९ | सहकारी तथा वित्तिय क्षेत्र | ५०००० | २००००० | ० | **२५००००** |
| २० | पर्यटन इकाई | ० | ० | १०००००० | **१००००००** |
| २१ | राजस्व इकाई | ० | ० | १५०००० | **१५००००** |
| २२ | भाषा संस्कृति प्रवर्द्धन कार्यक्रम | ० | ५००००० | ० | **५०००००** |
| २३ | शान्ती सुरक्षा व्यवस्थापन | ० | ० | १००००० | **१०००००** |
| २४ | अध्यक्ष स्वरोजगार कार्यक्रम | ३०००००० | ० | ० | **३००००००** |
| २५ | जात्रा व्यवस्थापन | ० | ० | ५००००० | **५०००००** |
| २६ | समपूरक तर्फ | ० | ० | ६९०४६०० | **६९०४६००** |
| २७ | वडागत वजेट (१-६) | ७०००००० | ६५००००० | २१७८९४०० | **३५२८९४००** |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | प्रदेश विशेष तर्फ अनुदान | ० | ० | ५६०००००० | **५६००००००** |
| २९ | प्रदेश सशर्त तर्फ अनुदान | ० | ० | ५२५०००००० | **५२५००००००** |
| ३० | प्रदेश समपूरक अनुदान | ० | ० | ९३२३००० | **९३२३०००** |
| ३१ | गाउँ कार्यपालिकाको कार्यालयको चालु खर्च | ६९०४६०० | ० | ११८०८०००० | **११८०८००००** |
| ३२ | LACC प्रोजेक्ट संग साझेदारी | ० | ६०००००० | ० | **६००००००** |
| ३३ | STP प्रोजेक्ट संग साझेदारी | ० | ६०००००० | ० | **६००००००** |
| ३४ | अन्य साझेदारी | ० | ० | ११९०४६०० | ११९०४६०० |
| | | | | | |
| **जम्मा** | | **१९८३४६००** | **२४५३००००** | **३९९१७७४००** | **४४३५४२०००** |
| | | | | | |
| **संकेत** | **लैङ्गिक उत्तरदायी बजेट** | **रकम** | **प्रतिशत** | **कैफियत** | |
| १ | प्रत्यक्ष लाभ | १९८३४६०० | ४.४७ | | |
| २ | अप्रत्यक्ष लाभ | २४५३०००० | ५.५३ | | |
| ३ | तटस्थ | ३९९१७७४०० | ९०.०० | | |
| **जम्मा** | | ४४३५४२००० | **१००** | | |

**अनुसूची-५**

**जलवायु परिवर्तन बजेट अनुसारको व्यय अनुमान**

| सि.नं. | शाखा/उपशाखा/इकाई/वडा कार्यालय | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
|---|---|---|---|---|---|
| १ | शिक्षा यूवा तथा खेलकूद शाखा | ० | ४००००० | २२६००००० | **२३०००००००** |
| २ | स्वास्थ्य शाखा आयुर्वेद औषधालय | ० | ० | २२००००० | **२२००००००** |
| ३ | कृषि विकास शाखा | २००००० | ० | १००००० | **३०००००** |
| ४ | पशु सेवा इकाई | १००००० | ० | २००००० | **३०००००** |
| ५ | योजना/पूर्वाधार विकास शाखा | ० | ५००००० | ५००००० | **१००००००** |
| ६ | सूचना प्रविधि शाखा | २५०००० | ० | २५०००० | **५०००००** |
| ७ | महिला बालबालिका तथा समाज कल्याण इकाई | ० | ८००००० | २०००००० | **२८०००००** |
| ८ | विपद व्यवस्थापन | १४००००० | ५५०००० | ५०००० | **२००००००** |
| ११ | उद्योग विकास शाखा | ० | १०००००० | ० | **१००००००** |
| १४ | वन वातावरण तथा भूमि सेवा इकाई | ५००००० | ० | ० | **५०००००** |
| १५ | न्यायीक समितिको सचिवालय | ० | १००००० | २००००० | **३०००००** |
| १६ | संघीय विशेष तर्फ | ० | ० | ८३००००० | **८३०००००** |
| १७ | संघीय सशर्त अनुदान | ० | ० | ११४०००००० | **११४०००००००** |
| १७ | संघीय समपूरक | ० | ० | २५२०००००० | **२५२०००००** |
| १८ | गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम | ० | ० | ४६४०४०० | **४६४०४००** |
| १९ | सहकारी तथा वित्तिय क्षेत्र | ० | २००००० | ५०००० | **२५००००** |
| २० | पर्यटन इकाई | १६०००० | १४०००० | ७००००० | **१००००००** |
| २१ | राजस्व इकाई | ० | ० | १५०००० | **१५००००** |
| २२ | भाषा संस्कृति प्रवर्द्धन कार्यक्रम | ० | ० | ५००००० | **५०००००** |
| २३ | शान्ती सुरक्षा व्यवस्थापन | ० | ० | १००००० | **१०००००** |
| २४ | अध्यक्ष स्वरोजगार कार्यक्रम | ३०००००० | ० | ० | **३००००००** |
| २५ | जात्रा व्यवस्थापन | ० | ० | ५००००० | **५०००००** |
| २६ | समपूरक तर्फ | ० | ० | ६९०४६०० | **६९०४६००** |
| २७ | वडागत वजेट (१-६) | ७०००००० | ६५००००० | २१७८९४०० | **३५२८९४००** |
| २८ | प्रदेश विशेष तर्फ अनुदान | ० | ० | ५६००००० | **५६०००००** |
| २९ | प्रदेश सशर्त तर्फ अनुदान | ० | ० | ५२५०००००० | **५२५०००००** |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | प्रदेश समपूरक अनुदान | ० | ० | ९३२३००० | **९३२३०००** |
| ३१ | गाउँ कार्यपालिकाको कार्यालयको चालु खर्च | ६९०४६०० | ८०८०००० | ११०००००० | **१२४९८४६००** |
| ३२ | LACC प्रोजेक्टसंग साझेदारी | ६०००००० | ० | ० | **६००००००** |
| ३३ | STP प्रोजेक्टसंग साझेदारी | ३०००००० | ३०००००० | ० | **६००००००** |
| ३४ | अन्य साझेदारी | ० | ० | ५०००००० | **५००००००** |
| **जम्मा** | | **२८५१४६००** | **२१२७००००** | **३९३७५७४००** | **४४३५४२०००** |
| | | | | | |
| **संकेत** | **जलवायु अनुकूलन बजेट** | **रकम** | **प्रतिशत** | **कैफियत** | |
| १ | प्रत्यक्ष लाभ | २८५१४६०० | ६.४३ | | |
| २ | अप्रत्यक्ष लाभ | २१२७०००० | ४.८० | | |
| ३ | तटस्थ | ३९३७५७४०० | ८८.७७ | | |
| **जम्मा** | | **४४३५४२०००** | १०० | | |

**अनुसूची-६**

**दिगो विकास लक्ष्य संकेतका आधारमा विनियोजित रकम**

| **दिगो विकास सङ्केत** | **दिगो विकास लक्ष्य** | **रकम** | **प्रतिशत** |
|---|---|---|---|
| **०** | सांकेतिकरण नगरिएको | ४३५२१००० | १९.०७ |
| **SDG-1** | गरिबीको अन्त्य | १८००००० | ०.७९ |
| **SDG-2** | शून्य भोकमरी | ३३८०००० | १.४८ |
| **SDG-3** | स्वस्थ जीवन | ५६००००० | २.४५ |
| **SDG-4** | गुणस्तरीय शिक्षा | २०७००००० | ९.०७ |
| **SDG-5** | लैङ्गिक समानता | ३१००००० | १.३६ |
| **SDG-6** | स्वच्छ पानी र सरसफाइ | ३०००००० | १.३१ |
| **SDG-7** | आधुनिक ऊर्जामा पहुँच | २९५००० | ०.१३ |
| **SDG-8** | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ६३७३००० | २.७९ |
| **SDG-9** | उद्योग प्रबर्धन र पूर्वाधार | ८२४०००० | ३.६१ |
| **SDG-10** | असमानता न्यूनीकरण | ३००००० | ०.१३ |
| **SDG-11** | शहरहरु र समुदायको दिगोपना | १००००० | ०.०४ |
| **SDG-12** | उपभोग र उत्पादनमा जिम्मेवारीपना | ७००००० | ०.३१ |
| **SDG-13** | जलवायु परिवर्तन अनुकुलन | २३००००० | १.०१ |
| **SDG-14** | जलमुनिको जीवन | २५०००० | ०.११ |
| **SDG-15** | भूसतह स्रोतको उपयोग | १३२०००० | ०.५८ |
| **SDG-16** | शान्ति, न्याय र सुदृढ संस्थाहरु | ११७३००००० | ५१.४ |
| **SDG-17** | दिगो विकासको लागि साझेदारी | ९९५०००० | ४.३६ |
| | **कूल जम्मा** | **२२८२२९०००** | १००. |